जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १४४ २०७८ साल पुस २० गते मंगलबार (4 Jan. 2022 Tuesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : यस्तो बन्यो माओवादीको... ३ पृष्ठमा : संविधानमा आवासको हक ... ३ पृष्ठमा :केन्यामा शबाब आक्रमणमा ...

## ओमिक्रोन भेरियन्ट भित्रन नदिन स्वास्थ्य कार्यालयलाई निर्देशन

काठमाडौं, १९ पुस (रासस)।

स्वास्थ्यसेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले देशभरिका स्वास्थ्य कार्यालयलाई कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट भित्रन नदिन पूर्व तयारी गर्न सात बुँदे निर्देशन जारी गरेको छ।

महाशाखाका निर्देशक डा कृष्णप्रसाद पौडेलले सातवटै स्वास्थ्य निर्देशनालय, ७७ जिल्ला स्वास्थ्य कार्यालय र ७५३ वटै स्थानीय तहलाई ओमिक्रोन भेरियन्टको सङ्क्रमण भित्रन नदिन प्रभावकारी उपाय अपनाउन आग्रह गर्दै सात बुँदे निर्देशन जारी गर्नुभएको हो।

उहाँले ओमिक्रोन भेरियन्ट सङ्क्रामक रहेकाले नेपालमा भित्रन नदिनका लागि सबै निकाय अझ सतर्क र पूर्व तयारीका साथ लाग्नुपर्ने बताउनुभयो।

नेपालमा तीन जनामा ओमिक्रोन भेरियन्ट देखिएको पुष्टि भएको छ। महाशाखाले जनस्वास्थ्य मापदण्डको पूर्णपालना गरी भीडभाड हुन नदिने, मास्कको प्रयोग गर्ने तथा हात धुने गर्न र गराउन अनुरोध गरेको छ। यस्तै समुदायमा जोखिम क्षेत्र (हटस्पट) पत्ता लगाइ एन्टिजेन किटद्वारा परीक्षण गर्न, पहिचान भएका कोभिड-१९ का सङ्क्रमितलाई उचित व्यवस्थापन गर्न, नजिकैका सम्पर्कको पहिचान गरी क्वारेन्टिन तथा कोरोना परीक्षण गर्न समेत निर्देशनमा भनिएको छ।

यस्तै सीमा नाकामा रहेका प्रवेश विन्दुबाट प्रवेश गर्ने यात्रुको प्रोटोकल अनुसारको परीक्षण तथा व्यवस्थापन गर्न, खोप लगाउन छुटेका लक्षित वर्गको पहिचान तथा कोभिड-१९ विरुद्धको खोपको प्रयोगमा वृद्धि गर्न र घरमै आइसोलेशनमा रहेका वा क्वारेन्टिनमा रहेका व्यक्तिको 'फलोअप' एवं मापदण्ड पालनाको निगरानी गर्नसमेत भनिएको छ।

## राष्ट्रियसभा निर्वाचनमा गठबन्धन मिलेर उम्मेदवारी दिने सहमति

काठमाडौं, १९ पुस (रासस)।

सत्तारुढ गठबन्धन दलले आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनमा उम्मेदवारीको बाँडफाँट गरेका छन्। प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको संयोजनमा सोमबार बसेको बैठकमा राष्ट्रियसभाका रिक्त १९ सदस्य पदमा मिलेर उम्मेदवारी दिने सहमति भएको राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले जानकारी दिनुभयो।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहान बसेको बैठकमा रिक्त १९ सिटमध्ये जुन पार्टीबाट सदस्य पद रिक्त भएको त्यो सिटमा सोही पार्टीलाई उम्मेदवारी दिने सहमति भएको छ। उन्नाइसमध्ये बाँकी आठ सिटमा कांग्रेसलाई तीन, जनता समाजवादी पार्टी नेपाललाई दुई तथा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चालाई एक/एक सिट दिने सहमति भएको उहाँले बताउनुभयो।

राष्ट्रियसभा सदस्य निर्वाचनमा सत्तारुढ गठबन्धनमा रहेका दलले यसअघि नै चुनावी तालमेल गर्ने आपसी सहमति गरेका थिए। सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभाका रिक्त १९ सदस्यका लागि आगामी माघ १२ गते निर्वाचन हुँदैछ। उक्त निर्वाचनका लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गर्न निर्वाचन आयोगले यही पुस २० गतेको समय निर्धारण गरेको छ।

## राजबिराजमा बिकासको लहर आएको छ : प्रमुख यादव



**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस।**

राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले राजबिरजमा नगरपालिका भित्र बिकासको लहर आएको बताएका छन्।

सोमबार आयोजित बालबिकास शिक्षकहरु सम्बन्धी कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन्। राजबिराज नगरपालिकामा अहिले धमाधम सडकहरु कालोपत्रे हुने क्रम जारि रहेको भन्दै उनले आउँदो बैशाखसम्म राजबिराज नगरपालिकाको ५० किलो मिटरभन्दा बढी सडक कालोपत्रे हुने दाबी समेत गरे।

बाल शिक्षक र बिद्यालय सहयोगीहरुको तलब वृद्धि भएको घोषणा गर्दै उनले अब बाल शिक्षकहरु र बिद्यालय सहयोगीले १५ हजार तलब पाउने बताए। कार्यक्रममै प्रमुख यादवले राम्रो काम गरेमा अगामी आर्थिक बर्षको बजेटमा थप तलबवृद्धि गर्ने घोषणा समेत गरे।

राजबिराज नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मदन थापाको अध्यक्षता आयोजित कार्यक्रममा विभिन्न वडाका अध्यक्षहरुको समेत उपस्थिति रहेको थियो।

## गैसस महासंघका बरिष्ठ उपाध्यक्ष देव सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस।**

गैसस महासंघको केन्द्रिय बरिष्ठ उपाध्यक्षमा नवनिर्वाचित ध्रुवप्रसाद देवलाई सोमबार राजविराजमा सम्मान गरिएको छ।

गैसस महासंघ सप्तरीद्वारा आयोजित एक कार्यक्रममा गैससका अध्यक्ष बलदेव मण्डलले नवनिर्वाचित बरिष्ठ उपाध्यक्ष देवलाई गम्छा ओढाई फुलमाला र अबिरबाट सम्मान गरेका हुन।

सो कार्यक्रममा सम्मानित वरिष्ठ उपाध्यक्ष देवले पञ्चायति व्यवस्था हट्नुपर्ने भन्दै गैरसरकारी संस्था समाजको हितका लागि आफ्नो काम गरिरहेको बताए।

उनले गैससमा आवद्ध संस्थाहरुले कुनै किसिमको हिंसात्मक काम नगर्न आग्रह गर्दै अहिले पनि अन्य एजेन्सीहरुले नेपाल सरकारको सहकार्यमा अगाडी बढिरहेको बताए।

सोही कार्यक्रममा गैससका अध्यक्ष बलदेव मण्डलले जिल्ला संस्थालाई सुव्यवस्थित गर्नुपर्ने बताउदै जिल्लाको १८ वटै स्थानिय तहमा समाजिक क्षेत्रमा काम गरेर अगाडी बढनुपर्ने जिकिर गरे।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवण कुमार देवले गैसस महासंघ पत्रकारिता क्षेत्रको बिकासमा पनि लाग्नुपर्ने बताए ।

कार्यक्रममा गैसस महासंघका सचिव दिपक कुमार झाले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने उपाध्यक्ष पार्थो सरकारले कार्यक्रम संचालन गरेका थिए।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# राष्ट्रिय सभा सदस्य निर्वाचन : उम्मेदवारको मनोनयन आज

काठमाडौं, १९ पुस (रासस)।

निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य १९ रिक्त पदका लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गराउन सम्पूर्ण तयारी पूरा गरेको छ।

आगामी माघ १२ गते हुने उक्त निर्वाचनका लागि मङ्गलबार बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयन दर्ता हुने आयोगका सहायक प्रवक्ता कोमल धमलाले जानकारी दिनुभयो। उक्त निर्वाचनमा १२ राजनीतिक दलले भाग लिने छन्। आयोगले यही पुस २५ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने छ।

आगामी फागुन २० गते नेकपा (एमाले)का आठ, नेकपा (एकीकृत समाजवादी)का चार, नेकपा (माओवादी केन्द्र)का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिँदैछ। सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ। उक्त निर्वाचनमा नौ राजनीतक दलले सबै प्रदेशमा र तीन दलले प्रदेश विशेषमा मात्र भाग लिनेछन्।

आयोगका अनुसार, नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, नेपाल लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल परिवार दलले सबै प्रदेशमा भाग लिनेछन्। लोकतान्त्रिक समाजवादी पार्टी प्रदेश नं दुई र सुदूर पश्चिम प्रदेश, नेपाल मजदुर किसान पार्टीले वाग्मती र ऐतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालले प्रदेश नं २ मा मात्र भाग लिने जानकारी दिइएको छ।

निर्वाचनका लागि यसअघि नै निर्वाचन अधिकृतको नियुक्ति तथा मतदानस्थल र मतदान केन्द्र तोकिसकिएको छ। निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छन्। निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र पालिका प्रमुख तथा उपप्रमुखको मतभार १८ हुनेछ। निर्वाचनमा स्थानीय तहका एक हजार ४९३ र प्रदेशसभाका ५३२ मतदाता रहनेछन्। निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित हुनेछन्।

प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रिय सभाका एक तिहाइ सदस्य प्रत्येकको दुई वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ। राष्ट्रिय सभा सदस्यको पदावधि ६ वर्ष भए पनि पहिलोपटक गोलाप्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो। निर्वाचन चिह्न प्रदान भएसँगै निर्वाचन आचारसंहिता सबैका लागि लागू गराउने आयोगले योजना बनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# यस्तो बन्यो माओवादीको २३६ सदस्यीय केन्द्रीय समिति

काठमाडौं, १९ पुस (रासस)।

नेकपा (माओवादी केन्द्र)को आठौं राष्ट्रिय महाधिवेशनले २३६ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको छ।

कमलादीस्थित प्रज्ञा भवनमा आइतबार सम्पन्न महाधिवेशनले विभिन्न (क्षेत्र) क्लस्टरसहित पहिलो चरणमा २३६ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको हो। बन्दसत्रमा अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'ले प्रस्तुत गर्नुभएको नामलाई ध्वनीमतका आधारमा निर्वाचित गरिएको हो। केन्द्रीय सदस्यको घोषणा गर्दै माओवादीको महाधिवेशन आइतबार सम्पन्न भएको हो। आइतबार घोषणा गरिएका १४५ खुल्ला केन्द्रीय सदस्यमध्ये १११ को विवरण प्राप्त भएको छ। त्यसमा बाँकी रहेका ३४ भने केन्द्रीय समितिले मनोनयन गर्नेछ।

यस्तै, विभिन्न जाती, क्षेत्र तथा समुदायका तर्फबाट अर्थात् समानुपातिक तर्फबाट १२५ को नाम घोषणा गरिएको छ। समानुपातिकतर्फ २९ भने केन्द्रीय समितिले मनोनयन गर्नेछ। माओवादीको केन्द्रीय समिति २९९ सदस्यीय हुने विधानले व्यवस्था गरेको छ।

**खुल्ला केन्द्रीय सदस्य**

बन्दशत्रले पारित गरेको खुला केन्द्रीय सदस्यको सूचीमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' २३औं नम्बरमा समेटिनुभएको छ। यस्तै सदस्यमा नेपबहादुर थारु चौधरी, लक्ष्मणदत्त जोशी, शरदसिंह भण्डारी, खगराज भट्ट, नरेन्द्रबहादुर कुँवर, त्रिलोचन भट्ट, माधव सापकोटा, युवराज चौलागाईं, लेखनाथ दाहाल, शालिकराम जमरकट्टेल, श्यामकुमार श्रेष्ठ, हरि दाहाल, महेश्वर दाहाल, हेमलाल शर्मा हुनुहुन्छ।

यस्तै, केन्द्रीय सदस्यमा सन्तकुमार दरै, हितमान शाक्य, कृष्णप्रसाद सापकोटा, धर्मानन्द देवकोटा, मुक्तिनारायण प्रधान, ईश्वरीप्रसाद भट्टराई, सुनिलकुमार मानन्धर, हरिबोल गजुरेल, दिलीप महर्जन, सुदन किराती, किरणकुमार राई, सुरेशकुमार राई, हेमराज भण्डारी, राजेन्द्र कार्की, एकचन्द्र बराल हुनुहुन्छ।

पदमबहादुर राई, सावित्रीकुमार काफ्ले, सुरेन्द्रकुमार कार्की, युवराज भट्टराई अजयशङ्कर नायक, अशोककुमार मण्डल, भरतप्रसाद साह, प्रकाशहरि पोखरेल, राजु खड्का, जोगकुमार बर्बरिया यादव, गोपाल ठाकुर, रामकुमार शर्मा, रामेश्वरराय यादव, मात्रिकाप्रसाद यादव, प्रल्हादकुमार बुढाथोकी, गिरिराजमणि पोखरेल, विश्वनाथ साह, गणेश साह, इन्द्रजित थारु, जीवन गौतम, तेजबहादुर ओली केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको छ। हेमराज शर्मा पोखरेल, गणेशमान पुन, जदप्रसाद शर्मा, वर्षमान पुन, महेश्वर गहतराज, कुलप्रसाद केसी, डोरप्रसाद उपाध्याय, सुकबहादुर रोका, तिलकराम शर्मा, चक्रपाणि खनाल, कृष्णध्वज खड्का, कृष्णबहादुर महरा, बामदेव क्षेत्री, झक्कबहादुर मल्ल, विन्दमान विष्ट, रामदीप आचार्य, महेन्द्रबहादुर शाही, राजकुमार शर्मा, शक्ति बस्नेत, गजेन्द्रबहादुर महत, तेजबहादुर बस्नेत, जनार्दन शर्मा, मायाप्रसाद शर्मा, कालिबहादुर मल्ल, युवराज दुलाल, रामप्रसाद सापकोटा, ओमनाथ ढुङ्गाना केन्द्रीय समितिमा समेटिनुभएको छ।

माओवादीको केन्द्रीय समितिमा गङ्गा कार्की, पुष्पविक्रम मल्ल, लिलामणि पोखरेल, लक्ष्मण पन्त, लेखनाथ न्यौपाने, डिलाराम आचार्य, झक्कु सुवेदी, केन्द्रीय सदस्यमा सितबहादुर बस्नेत, कृष्णबहादुर केसी, अमरबहादुर गुरुङ, गुप्तबहादुर ठकुरी, खिमलाल देवकोटा अटाउनुभएको छ।

त्यस्तै, देवेन्द्र पौडेल, हरिबहादुर चुमान, रामकृष्ण गैरे, नारायणकाजी श्रेष्ठ, कृष्णप्रसाद धिताल, देव गुरुङ, श्रीराम ढकाल, सुरेश आलेमगर, धितराज पाण्डे, दिनानाथ शर्मा, पम्फा भुसाल, उर्मिला अर्याल, जयपुरी घर्ती, रेखा शर्मा, पूर्णकुमारी सुवेदी, यशोदा गुरुङ सुवेदी, पर्शुराम रस्तेल, महेन्द्र पासवान, गोपीबहादुर अछामी, दलजित विके सिरपाइली, वीरमान चौधरी हुनुहुन्छ।

**खस आर्यतर्फका केन्द्रीय सदस्य**

खसआर्य पुरुषतर्फको केन्द्रीय सदस्यमा १४ जना निर्वाचित हुनुभएको छ। नारायण दाहाल, सूर्य सुवेदी, धिरेन्द्र शर्मा, नरबहादुर विष्ट, वसन्त शर्मा, केशव नेपाल, निर्मल आचार्य, जोखबहादुर महरा, देवराज रेग्मी, तारामान स्वाँर, देवराज रेग्मी, हरिराज अधिकारी, देवेन्द्र पराजुली र अच्युतम काफ्ले निर्वाचित हुनुभएको हो।

त्यसैगरी खसआर्य युवातर्फ चार जना केन्द्रिय सदस्य निर्वाचित हुनुभएको छ। विजय भण्डारी, दुर्गा चापागाईं, अनिल शर्मा र लालबहादुर सोडारीले सो जिम्मेवारी पाउनुभएको हो। खसआर्य महिलातर्फ २५ महिला निर्वाचित हुनुभएको छ। आशा कोइराला, सीता पोखरेल, कल्पना धमला, गङ्गाकुमारी बेल्बासे, दामाकुमारी शर्मा, देवी खड्का, धर्मशिला चापागाईं, नारायणी शर्मा, वलावती शर्मा, विमला सुवेदी, रेणु चन्द, रेनु दाहाल, सत्या पहाडी, समिता कार्की, लक्ष्मी न्यौपाने, मञ्जु बम, कुन्ती जोशी, टीका बुढाथोकी, गोमा कुँवर, कालिका चलाउने, मुक्तिनी गौतम, हरिमाया शर्मा र मुक्ति चौलागाई निर्वाचित हुनुभएको हो।

त्यस्तै खसआर्य युवा महिलातर्फ छ जना निर्वाचित हुनुभएको छ। यस क्षेत्रबाट यशोदा न्यौपाने, ओमकुमारी पौडेल, विमला सिंह, दीपन सिंखडा, गीता तिमल्सिना र कृष्णा शाह निर्वाचित हुनुभएको हो।

**जनजाति केन्द्रीय सदस्य**

जनजातितर्फ ११ जना केन्द्रिय सदस्य निर्वाचित हुनुभएको छ। यस क्षेत्रमा अजम्बर राई काङमाङ, रामकुमार राई, मानबहादुर बुढामगर, जीतबहादुर योन्जन, दीपेन्द्रकुमार पुन, तुलाराम घर्तीमगर, राजकाजी गुरुङ, परशुराम तामाङ, हितबहादुर तामाङ, दीलिप प्रजापति र छक्कबहादुर लामा रहनुभएको छ।

त्यस्तै चार जनजाति युवा केन्द्रिय सदस्य हुनुभएको छ। इन्द्रबहादुर आङ्बो, हेमकुमार राई, डम्बर घर्तीमगर र नविन जिरेल सो पदमा निर्वाचित हुनुभएको हो। जनजाति महिलातर्फ २२ जना केन्द्रिय सदस्य निर्वाचित हुनुभएको छ। अमृता थापा, ओनसरी घर्ती, कमला रोका, कुमारी मोक्तान, ताराकुमारी घर्ती, दुर्गा जयन्ती राई, पार्वती थापा, शशी श्रेष्ठ, लक्ष्मी लामा, सोमती तमु, होमकुमारी खापुङ, सीता थेबे, मणि खम्बु किराती, पी घर्ती, लक्ष्मी पुन, मीना तामाङ, सरिता महर्जन, प्रतिमा श्रेष्ठ, उर्मिला लामा, लक्ष्मी गुरुङ, लालकुमारी पुन र माया बल केन्द्रिय सदस्य हुनुभएको छ।

त्यसैगरी जनजाति युवा महिलातर्फ विना मगर, आर तामाङ, ममता ताजपुरिया र कमला दोङ निर्वाचित हुनुभएको छ।

**दलित समुदायबाट**

यस समुदायअन्तर्गत विष्णुबहादुर विक, यमबहादुर परियार र जगत पार्की निर्वाचित हुनुभएको छ। दलित महिलामा ११ जना केन्द्रिय सदस्यमा निर्वाचित हुनुभएको छ। अन्जना बिसङ्खे, सुशीला श्रीपाईली, सीता बौडेल, मानकुमारी नेपाली, सीता नेपाली, धनमाया विक, लक्ष्मी विक, शान्ति नेपाली, गीता गहतराज, दुर्गाकुमारी विक र पम्फा बसेल निर्वाचित हुनुभएको हो। त्यस्तै दलित युवामा सुबोध श्रीपाइली तथा दलित युवा महिला पार्वती विक निर्वाचित हुनुभएको छ।

**मधेसी समुदायबाट**

मधेसी क्लस्टरबाट जगत यादव, शिवकुमार मण्डल र रामकुमार यादव केन्द्रिय सदस्यमा निर्वाचित हुनुभएको छ। त्यसैगरी मधेसी युवामा सुरेन्द्र मेहता तथा मधेसी महिलातर्फ बोधमाया कुमारी यादव र सुनिताकुमारी यादव निर्वाचित हुनुभएको छ।

**थारु समुदायबाट**

महाधिवेशनको विधानअनुसार थारु समुदायबाट सन्तकुमार चौधरी, हरिनारायण चौधरी र देवीलाल चौधरी निर्वाचित हुनुभएको छ। थारु युवाबाट अमनलाल मोदी थारु र थारु महिलाबाट रुपा चौधरी, अञ्जना चौधरी, अञ्जु चौधरी, दीपा चौधरी र कृष्णा चौधरी केन्द्रिय सदस्य हुनुभएको छ। मुस्लिम समुदायबाट हकिकुल्लाह मुसलमान र मुस्लिम महिलामा कौसर साह केन्द्रिय सदस्यमा निर्वाचित हुनुभएको छ।

पिछडिएको क्षेत्रबाट नरेश भण्डारी, देवकी मल्ल र कुमार पौडेल केन्द्रीय सदस्यका रुपमा निर्वाचित हुनुभएको छ।

# देशभरका २२ शहरको भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन सम्पन्न

काठमाडौं, १९ पुस (रासस)।

खानी तथा भूगर्भ विभागले देशभरका २२ शहरको भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन सम्पन्न गरेको छ।

विभागले देशका विभिन्न भागमा विकसित हुँदै गएको शहरको भू-बनोट कस्तो छ र उक्त स्थानमा शहर बस्न हुन्छ कि हुँदैन भन्ने उदेश्यका साथ प्रत्येक वर्ष एक शहरको भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन गर्दै आएको हो।

विभागले हालसम्म काठमाडौं, पोखरा, बुटवल, भद्रपुर, धरान, जनकपुर, वीरेन्द्रनगर, तुलसीपुर, धनगढी, भैरहवा, टीकापुर, सिन्धुलीमाडी, हेटौंडा, वीरगञ्ज, विराटनगर, दमौली, विदुर, दमक, बनेपा र नारायणघाटको भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन सम्पन्न गरेको छ।

चालू आर्थिक वर्षमा बर्दियाको गुलरिया बजार क्षेत्रमा भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन भइरहेको विभागका महानिर्देशक रामप्रसाद घिमिरेले राससलाई जानकारी दिनुभयो। विभागले विसं २०५२ देखि प्रत्येक वर्ष एक शहरको भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन गर्दै आएको उहाँको भनाइ थियो।

"शहरको कुन क्षेत्रमा कस्ता पूर्वाधार निर्माण गर्न सकिन्छ, भन्नेबारेमा हामीले भू-इञ्जिनीयरिङ तथा वातावरणीय अध्ययन गरेर सम्बन्धित स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारलाई राय, सुझाव दिँदै आएका छौं", महानिर्देशक घिमिरेले भन्नुभयो। विभागको राय र सुझावलाई स्थानीय तहले कार्यान्वयनमा नल्याउँदा प्राकृतिक विपत्तिका घटनासमेत हुने गरेका छन्।

विभागले शहरको कुन भागमा विद्यालय, कुन भागमा अस्पताल, कुन भागमा डम्पिङसाइड, कुन भागमा अण्डर ग्राउण्ड पार्किङ बनाउन सकिन्छ भन्नेबारेमा अध्ययन गर्नेछ। यस्तै कुन ठाउँ बाढी, पहिरो र भूक्षयको जोखिम छ भन्नेसमेत अध्ययन हुने गरेको छ। उक्त अध्ययनले शहरी विकासमा समेत सहयोग पुग्ने विश्वास विभागले लिएको छ।

# संविधानमा आवासको हक : ऐन बनेको तीन वर्ष बित्दा पनि आएन नियमावली

काठमाडौँ, १९ पुस (रासस) ।

संविधानमा पहिलो पटक मौलिक हकका रुपमा व्यवस्था गरिएको आवास हकको ऐन जारी भएको तीन वर्ष बित्दा पनि नियमावली आउन सकेको छैन ।

नियमावली नभएकै कारण कार्यविधिगत अस्पष्टताका कारण आवासको हकसम्बन्धी मौलिक हक कार्यान्वयन हुन सकेको छैन । संविधानको मौलिक हक कार्यान्वयनका लागि बनाइएको आवासको अधिकार सम्बन्धी ऐन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गर्नुभएको तीन वर्ष तीन महिना बितिसकेको छ । नियमावली भने अझै बन्नसकेको छैन । तीन वर्षदेखि सहरी विकास मन्त्रालयका अधिकारी विभिन्न बहाना बनाउँदै नियमावली जारी गर्न आनकानी गरिरहेका छन् ।

सङ्घीय संसद्का दुवै सदनबाट पारित भएको आवासको अधिकार सम्बन्धी ऐन २०७५ लाई राष्ट्रपति भण्डारीले विसं २०७५ असोज २ गते प्रमाणीकरण गर्नुभएको थियो । ऐनका कतिपय दफामा लेखिएको तोकिए बमोजिम भन्ने विषयलाई नियमावलीले व्याख्या गर्छ । ऐन प्रमाणीकरण भएर कार्यान्वयनमा आयो भनिएको तीन वर्ष तीन महिना बितिसक्दा पनि नियमावली नबन्दा कानुनी अप्ठ्यारो आउने गरेको छन् ।

सहरी विकास मन्त्रालयका प्रवक्ता विष्णुप्रसाद शर्मा नियमावली मस्यौदा भई सरोकार भएका मन्त्रालयको सहमति लिएर आएकाले एक पटक मन्त्रालयमा प्रस्तुति गरेर मन्त्रिपरिषद्मा पेश गर्ने तयारी भएको बताउनुहुन्छ । यससम्बन्धी विस्तृत काम सहरी विकास तथा भवन निर्माण विभागले गरेको उहाँको भनाइ छ ।

कोरोना भाइरसको सङ्क्रमणका कारण बन्दाबन्दी एवं निषेधाज्ञा जारी भएर लामो समय खेर गएको एवं मन्त्री पनि फेरिएकाले मस्यौदा तयार पार्न समय बढी लागेको प्रवक्ता शर्माले दाबी गर्नुभयो । मन्त्रालयको आवास, भवन तथा योजना महाशाखा प्रमुखको संयोजकत्वमा नियमावली मस्यौदा भई कानून, अर्थलगायत सरोकार भएका मन्त्रालयको सहमति लिने काम सकिएको छ । संविधानसभाबाट बनेको नेपालको संविधान २०७२ मा पहिलोपटक मौलिक हकका रुपमा आवासको हकसम्बन्धी व्यवस्था गरिएको छ ।

आवासको हकका विषयमा काम गरिरहनुभएका अधिवक्ता राजुप्रसाद चापागाइँ नियमावली बनेपछि मात्र ऐनको कार्यविधिगत स्पष्टता आउने बताउनुहुन्छ । नियमावली नभएकाले कसैको आवासको हक खोसिन लाग्यो भने सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगमा मौलिक हकको संरक्षणको विषय लिएर जान सकिने उहाँको भनाइ छ ।

“ऐन बनेको तीन वर्ष वितिसक्दा पनि नियमावली नबनाएर मौलिक हक कार्यान्वयनमा बाधा पुऱ्याएको छ, एक/दुई महिनामा बन्नुपर्ने नियमावली ऐन बनेको तीन वर्षसम्म पनि नबन्नु दुःखद् छ”, अधिवक्ता चापागाईंले भन्नुभयो । आवासको हक कार्यान्वयनका लागि मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ । विगतमा मन्त्रालयले सञ्चालन गरेको जनता आवास कार्यक्रम आर्थिक वर्ष २०७५/७६ देखि प्रदेश सरकारअन्तर्गत कार्यान्वयनमा छ । यसैगरी सुरक्षित नागरिक आवास कार्यक्रम र एकीकृत बस्ती विकास कार्यक्रम पनि कार्यान्वयनको चरणमा रहेको मन्त्रालयले जनाएको छ ।

एकीकृत बस्ती विकास कार्यक्रम रसुवा, कास्की, कपिलवस्तु, जाजरकोट, बाँके, उदयपुर र सप्तरीमा एक/एक बस्ती बनाउने गरी आर्थिक वर्ष २०७६/७७ मा कार्यान्वयन भएको थियो । सोही आवमा बाढीपहिरो तथा पीडितका लागि डडेल्धुरा, सर्लाही र मुगुमा आवास बनाउने कार्यक्रम भएको मन्त्रालयले जनाएको छ ।

यसैगरी सिन्धुपाल्चोकको जुरे तथा बर्दिया र सुर्खेतमा पनि बाढीपहिरो पीडितका लागि आवास निर्माण गरिने कार्यक्रम सञ्चालनमा रहेको छ । आवासविहीनका लागि आवासको सुनिश्चितता गर्ने उद्देश्यले मन्त्रालयले आर्थिक वर्ष २०७६/७७ मै रु ७३ करोड बराबरको आवास बनाइदिने कार्यक्रम सम्पन्न गरेको जनाएको छ ।

आवासका लागि मन्त्रालयले काम गरेजस्तो देखिए पनि देशभर लागू हुने कानुन बनाउन ढिलाइ गर्दा वन, निकुञ्ज र स्थानीय तहले फरकÿ ी -फरक तरिकाबाट नागरिकको उठिवास लगाउने गरेका छन् ।

आवासको हकसम्बन्धी ऐनका विषयमा जानकार अधिवक्ता चापागाईं नियमावलीले विस्थापनअघिको कार्यविधि तोक्ने, सूचना दिनेलगायत कार्यविधि तोकेपछि नागरिकको आवास सुरक्षित हुने बताउनुहुन्छ । जनताको हित हुने भएकैले नियमावली ल्याउन ढिलाइ गरिएको उहाँको भनाइ छ । नियमावली नआएकैले चितवनमा निकुञ्जले डेढ वर्षअघि बिना सूचना विपन्न समुदायलाई आवासको हकबाट वञ्चित गरेको थियो ।

# रासायनिक मल उद्योग स्थापना गर्न अध्ययन भइरहेको छ : मन्त्री यादव

काठमाडौँ, १९ पुस (रासस) ।

कृषि तथा पशुपन्छी विकासमन्त्री महेन्द्रप्रसाद यादवले रासायनिक मल उद्योग स्थापनाका लागि सरकारले अध्ययन गरिरहेको बताउनुभएको छ । प्रतिनिधिसभा, अर्थ समितिको सोमबारको बैठकमा उहाँले मन्त्रालयले गरेको प्रारम्भिक अध्ययनमा मल कारखाना स्थापनाका लागि रु एक खर्ब २५ अर्ब लागत अनुमान गरिएको जानकारी दिनुभयो ।

मन्त्री यादवले भन्नुभयो, “सरकारले वा विदेशीले उद्योग स्थापना गरेमा यहाँ उत्पादन भएको मलखादको बजारको सुनिश्चिता हुनुपर्छ, मुलुकलाई १० देखि १२ लाख मेट्रिक टन मल चाहिन्छ । मल ग्यासबाटै उत्पादन हुन्छ, सरकारले पाइपबाट ग्यासको सुनिश्चिता गर्नुपर्छ ।”

केही समयअघि थाइल्यान्डबाट आएका एउटा कम्पनीका प्रतिनिधिले दुई लाख मेट्रिक टन मल उत्पादन गर्ने उद्योग मुलुकका प्रत्येक प्रदेशमा स्थापना गरे लागत र ढुवानी खर्च पनि कम हुने मन्त्री यादवले उल्लेख गर्नुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमै अहिले रासायनिक मलको अभाव रहेको तथा सरकारले किसानलाई मल प्रतिकिलो रु ९९ मा अनुदान उपलब्ध जानकारी दिइयो । प्रतिकिलो रु ११५ मा खरिद गरेको मल किसानलाई रु १६ मा उपलब्ध हुँदै आएको छ ।

तत्कालका लागि चार लाख मेट्रिक टन मल खरिद गर्नुपर्ने भए पनि अर्थ मन्त्रालयबाट सुनिश्चितता प्राप्त रु १५ अर्बले दुई लाख मेट्रिक टन मात्र खरिद गर्न सकिने मन्त्री यादवले जानकारी दिनुभयो । अन्तर्राष्ट्रिय बजारमा अत्यधिक मूल्य वृद्धिका कारणले सरकारले छुट्याएको बजेटले कृषकलाई मलको अभाव नटार्ने उल्लेख गर्दै मन्त्री यादवले मुलुकको आवश्यकता धान्न बजार भाउका आधारमा त्यसका लागि कम्तीमा पनि रु ६५ अर्ब आवश्यकता रहेको जानकारी दिनुभयो ।

मल सहजरुपमा खरिदका लागि सार्वजनिक खरिद ऐनमा सरलीकरणको खाँचो औँल्याइएको छ । मन्त्रालयले मल खरिद सरकार-सरकारबीचका आधारमा गर्ने विभिन्न प्रयास र प्रयत्न गरिरहेको छ । सरकारसँग पैसा भए पनि मल खाद पाइरहेको अवस्था छैन । डेढ लाख टन सरकारले खरिद गरिरहेको मल चीनबाट अझै आउन सकेको छैन । यसबीचमा चीनबाट आयात गरिएको १० हजार मेट्रिक टन मल तातोपानीमा रहेकामा हालसम्म एक हजार ४०० मेट्रिक टन मात्र ल्याइएको छ ।

चीनमा रोकिएको मल आएको खण्डमा तत्कालको समस्या टर्ने मन्त्रालयले जनाएको छ । आन्तरिक खपत अपुग भएको जनाउँदै विश्वका धेरै देशले रासायनिक मल निर्यातमा रोक लगाएका छन् । स्वदेशमै उत्पादित प्राङ्गारिक मलको प्रयोग र उत्पादनलाई प्रोत्साहन गर्न प्रदेश सरकारसँग सहकार्यको प्रयास भइरहेको छ । मलको समस्या समाधान र सरलीकरण गर्न सरकार गम्भीर भएर लागिपरेको मन्त्री यादवले समितिलाई जानकारी गराउनुभयो ।

# तीन सय २६ संक्रमित थपिए

काठमाडौँ, १९ पुस (रासस) ।

पछिल्लो २४ घण्टामा ३२६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार सार्वजनिक गरेको बुलेटिनका अनुसार १२ हजार ४९८ को परीक्षण गर्दा ३२६ जनामा सङ्क्रमण पुष्टि भएको हो । हालसम्म पाँच हजार पाँचजना सक्रिय सङ्क्रमित रहेका छन् ।

पछिल्लो समय थप २५५ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् । यो सङ्ख्या आठ लाख १२ हजार ६७४ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छल स ।

यस्तै, पछिल्लो २४ घण्टामा सङ्क्रमणबाट दुईको मृत्यु भएको छ । हालसम्म ११ हजार ५९८ जनाको सङ्क्रमणका कारणले मृत्यु भएको मन्त्रालयले जनाएको छ । पाँच सयभन्दा बढी सङ्क्रमण भएको जिल्ला काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन् । दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन् ।

यस्तै, शून्य सङ्क्रमित भएका जिल्ला सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, हुम्ला, मुगु र बाजुरा रहेका छन् । नेपालमा सङ्क्रमण दर १७ प्रतिशत रहेको छ । हाल होम आइसोलेशनमा चार हजार ७५३, संस्थागत आइसोलेशनमा २५२, आइसियुमा ८९ र भेन्टिलेटरमा २१ जनाको उपचार हुँदैछ ।

सोमबार अहिलेसम्मकै सबैभन्दा बढी जनाले खोप लगाएका छन् । मन्त्रालयका अनुसार सोमबार तीन लाख ४४ हजार ४४ जनाले खोप लगाएका हुन् । हालसम्म पहिलो मात्रा एक करोड ४३ लाख ६० हजार ६८३ र पूर्ण मात्रा एक करोड पाँच लाख ९७ हजार ७९७ ले खोप लगाइसकेका छन् ।

## विश्व समाचार

### केन्यामा शबाब आक्रमणमा ६ जनाको मृत्यु

नैरोबी, १९ पुस, (रासस-एएफपी) ।

सोमालियासँग सीमा जोडिएको केन्याको तटीय लामु क्षेत्रमा सोमबार संदिग्ध अल-शबाब लडाकूहरुले गरेको आक्रमणमा छ जनाको मृत्यु हुनाका साथै थुप्रै घरहरूमा आगजनी भएको स्थानीय सरकारी अधिकारीले बताएका छन् । लामु काउन्टी आयुक्त इरुगु मचारियाले जनाएअनुसार विधु भनिने ठाउँमा अल-शबाबको आक्रमण छ को निधन भएको छ । ती मध्ये एकजनालाई गोली हानेर मारिएको थियो भने अन्य केही जलेको अवस्थामा भेटिएका छन् ।

### भारतद्वारा अफगानिस्तानलाई थप ५ लाख कोभ्याक्सिन डोज प्रदान

नयाँ दिल्ली,भारते, १९ पुस, (रासस-एएनआई) ।

भारत बायोटेकले सोमबार अफगानिस्तानलाई कोभिड-१९ खोप, कोभ्याक्सिनको ५,००,००० डोज प्रदान गरेको छ । ट्विटरमा भारत बायोटेकले “आज भारतले अफगानिस्तानलाई कोभिड भ्याक्सिन (COVAXIN) को ५,००,००० डोज सहितको मानवीय सहायताको अर्को शृङ्खला प्रदान गरेको छ । त्यो इन्दिरा गान्धी अस्पताल, काबुललाई हस्तान्तरण गरिएको छ।” आगामी सातामा थप ५ लाख डोजको अर्को ब्याच आपूर्ति गरिने पनि जानकारी दिइएको छ ।

कोभ्याक्सिनको ५,००,००० डोज रहेको मानवीय सहायताको अन्तिम ब्याच जनवरी १ मा अफगानिस्तानलाई आपूर्ति गरिएको थियो । भारतले अफगान जनतालाई खाद्यान्न, कोभिड-१९ खोपको १० लाख डोज र जीवन बचाउने आवश्यक औषधिहरू समावेश गरी मानवीय सहायता उपलब्ध गराउन प्रतिबद्ध छ ।

गत महिनाको शुरुमा भारतले विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) मार्फत अफगानिस्तानलाई १.६ टन चिकित्सा सहायता पुर्याएको थियो । तालिबानले अगस्ट १५ मा काबुललाई आफ्नो नियन्त्रणमा लिएको थियो र यसपछि देश गहिरो आर्थिक, मानवीय र सुरक्षा संकटमा परेको छ । वैदेशिक सहायताको निलम्बन, अफगान सरकारको सम्पत्ति रोक्का गर्ने र तालिबानमाथिको अन्तर्राष्ट्रिय प्रतिबन्ध आदिको कारणले उच्च गरिबीबाट पीडित हाल आर्थिक संकटमा फसेको छ ।

### बङ्गलादेशमा तीन महिनापछि सबैभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिए

ढाका १९ पुस (रासस/सिन्ह्वा) ।

कोरोना भाइरस सङ्क्रमण बढेसँगै बङ्गलादेशमा थप सतर्कता अपनाउन थालिएको छ । बङ्गलादेशमा सङ्क्रमण बढेपनि लकडाउन भने नगरिने अधिकारीहरुले जनाएका छन् । यहाँका स्वास्थ्य अधिकारीहरुले यहाँ गएको तीन महिना यताकै सबैभन्दा धेरै सङ्क्रमित देखिएका बताएका छन् । पछिल्लो समय बङ्गलादेशमा बढेको डेल्टा भेरियन्टका कारण कोरोना सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको सञ्चारमाध्यमहरुले जनाएका छन् । बङ्गलादेशका सङ्क्रमित रोग विशेषज्ञहरुले यदि मानिसहरुले जनस्वस्थ्यका नियमको पालना गरेनन् भने यहाँ थप संकट बढ्नसक्ने बताएका छन् ।

पछिल्लो हप्तामा यहाँ यो भाइरस निकै तीव्र गतिमा फैलिरहेको बताएका छन् । उनीहरुका अनुसार यहाँ आइतबार मात्र ५५७ जनामा यो सङ्क्रमण बढेको बताइएको छ ।यो वृद्धिदर २.९७ हो । आइतबारको मात्र संक्रमित दर यतिधेरै देखिएको र यो गएको तीन महिनायताकै सबैभन्दा धेरै भएको पनि उनीहरुले बताएका छन् ।

हालसम्म बंगलादेशमा १५ लाख ८६ हजारभन्दा बढी मानिसमा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । त्यस्तै यहाँ २८ हजारभन्दा बढी मानिसको यो सङ्कमणबाट मृत्यु भएको बताइएको छ । यहाँ पछिल्लो समयमा एक घातक भाइरसका रुपमा देखिएको ओमिक्रोन भेरियन्टका बारेमा भने केही बताइएको छैन ।

### अमेरिकामा २४ घण्टामा करिब २ हजार उडान रद्द

वासिङटन, अमेरिका, १९ पुस (रासस/एएनआई) ।

संयुक्त राज्य अमेरिकामा कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि स्थानीय समयानुसार आइतबार बिहानसम्म करिब २ हजार उडान रद्द गरिएका छन् । सोमबार बिहान ८:३० बजेसम्म अमेरिकाभित्र वा बाहिर जम्मा एक हजार ९५६ उडानहरू रद्द गरियो ।

जबकि अमेरिकाभित्र र बाहिर अन्य ८७० उडान ढिलाइ भएको फ्लाइटअवेयरलाई उद्धृत गर्दै द हिलले जानकारी दिएको छ । द हिलका अनुसार, साउथवेस्टले सोमबार २६४ उडान, जेटब्लुले १६९ उडान र डेल्टाले १६१ उडान रद्द गरेको जनाएको छ । अमेरिकन एयरलाइन्सले सोमबार १३६ उडान र युनाइटेडले ९४ उडान रद्द गरेको मिडिया आउटलेटले जनाएको छ । आइतवार र किसमसको पूर्वसन्ध्यालगायत विगत १० दिनहरूमा, एयरलाइन्सले अमेरिकामा १४ हजार भन्दा बढी उडानहरू रद्द गरेका छन् फ्लाइटअवेयर तथ्याङ्ले जानकारी दिएको छ ।

# पिएम कप प्रदेशस्तरिय छनोट खेलमा बारा र सिरहा सेमिफाईनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १९ पुस ।**
राजबिराजमा संचालित प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत प्रदेश २ स्तरिय क्रिकेट खेलाडी छनोट प्रतियोगितामा बारा र सिरहा सेमिफाईनलमा प्रवेश गरेको छ ।

सोमवार बारा र सर्लाही बिच भएको खेलमा बाराले सर्लाहीलाई दुई बिकेटले तथा सिरहाले पर्सालाई १ सय ५६ रनले पराजित गर्दै सेमिफाईनलमा प्रवेश गरेको हो ।

मबिव खेल मैदानमा सर्लाहीले टस जितेर ४७ ओभर ५ बल खेल्दै २ सय १८ रन को योगफल खडा गरेको थियो । जसमा सर्लाहीका सुधिर चौधरी उत्कृष्ट खेल्दै १ सय ३ र विशाल पटेलले ४४ रन जोडे । जवाफमा बाराले ४५ ओभर १ बल खेल्दै ८ बिकेटको क्षतिमा बिजय हात पारेको थियो । जसमा रबी साह ४३ र कुमार थापाले ४३ रन जोडेका थिए । सो खेलमा म्यान अफ दि म्याच कुमार थापा घोषित भए ।

यस्तै पर्सा र सिरहा बिच भएको दोश्रो खेलमा टस जितेर सिरहाले ४८ ओभर ४ बलमा ३ सय ९ रन को योगफल खडा गरेको थियो । जसमा रूपेश सिंह ९७ रन, शैलेन्द्र साह ५७ रन, सुमन गतराज र सुरेश यादवले सामान्य ३२/३२ रन बनाएका थिए । जवाफमा पर्साले ३७ ओभर १ बलमा सबै बिकेट गुमाएर २ सय ६ रन मात्र बनाउन सकेको थियो । सो खेलमा म्यान अफ दि म्याच रूपेश सिँह घोषित भए ।

मंगलबार पहिलो सेमिफाईनल खेल राजरंगशालामा सप्तरी र बारा तथा दोश्रो सेमिफाइनल मबिव क्याम्पस खेल मैदानमा धनुषा र सिरहा बिच हुने सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादवले जानकारी दिए ।

# प्रचण्ड माओवादी अध्यक्षमा निर्विरोध निर्वाचित

काठमाडौँ, १९ पुस (रासस) ।
नेकपा (माओवादी केन्द्र)को अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ निर्विरोध निर्वाचित हुनुभएको छ । ललितपुरको सानेपा हाइटस्थित हेरिटेज गार्डेनमा सोमबार अपराह्न बसेको केन्द्रीय समितिको पहिलो बैठकबाट प्रचण्ड अध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएको केन्द्रीय सदस्य हिमाल शर्माले जानकारी दिनुभयो ।

प्रचण्डलाई पार्टी अध्यक्षमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव नेता नारायणकाजी श्रेष्ठ र समर्थन नेता कृष्णबहादुर महराले गर्नुभएको थियो । नेता श्रेष्ठको प्रस्ताव र नेता महराको समर्थनलाई केन्द्रीय समितिका सदस्यले सर्वसम्मत स्वीकृत गरेका थिए । अध्यक्षमा निर्विरोध निर्वाचित भएपछि प्रचण्डले केन्द्रीय समिति बैठकलाई सम्बोधन गरिरहनुभएको छ ।

नवनिर्वाचित केन्द्रीय सदस्यहरूको शपथसँगै माओवादीको केन्द्रीय समितिको बैठक चलिरहेको छ । बैठकले अध्यक्षबाहेकको पदाधिकारीको टुङ्गो लगाउने बताइएको छ । माओवादीमा एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, छ उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव, तीन सचिव र एक कोषाध्यक्ष रहने व्यवस्था छ ।

# मल खरिदका लागि रू १२ अर्ब ७१ करोड थप

काठमाडौँ, १९ पुस (रासस) ।
सरकारले रासायनिक मल खरिदका लागि रू१२ अर्ब ७१ करोड थप गरेको छ । अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा वृद्धि भएकाले चालु आवमा मल खरिदका लागि नियमित बजेटमा विनियोजित रू १५ अर्बका अतिरिक्त रू १२ अर्ब ७१ करोड थप गरिएको हो ।

कृषि तथा पशुपक्षी मन्त्रालयद्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा विभागीयमन्त्री महिन्द्रराय यादवले अन्तर्राष्ट्रिय बजारमा मलको उत्पादनमा कमी आएकाले मूल्य वृद्धि भएको बताउनुभयो । उहाँले १२ हजार ५०० मेट्रिकटन मल मौज्दात रहेको भएपनि आगामी दिनमा हुने मलको चाप धान्न सक्ने अवस्था नरहेको जानकारी दिनुभयो ।

उहाँले आगामी तीन महिनासम्म ७५ हजार मेट्रिकटन मल आवश्यक पर्नेदेखिएको उल्लेख गर्नुभयो । मन्त्री यादवले खरिदका लागि टेण्डर भइसकेको एक लाख ५० हजार मेट्रिक टन अन्तर्राष्ट्रिय बजारमा देखिएको विषम परिस्थितिले आयात हुन नसकेकाले अभाव भएको भएपनि त्यो परिमाण आउने प्रक्रियामा रहेको बताउनुभयो ।

कृषि सचिव डा गोविन्दप्रसाद शर्माले मलको समस्या निराकरणका लागि मन्त्रालयबाट प्रयास भइरहेको उल्लेख गर्दै आगामी दिनमा मलको सहज व्यवस्थापन तथा आपूर्तिमा प्रदेश र स्थानीय तहसमेतलाई व्यवस्थित बनाइने जानकारी दिनुभयो ।अर्का सचिव निरु दाहालले उखुको मूल्य निर्धारणका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट यही पुस १४ गते सिफारिस गरी पठाइएको बताउनुभयो ।

# धान उत्पादन पाँच वर्षयताकै कम

काठमाडौँ, १९ पुस (रासस) ।
चालू आर्थिक वर्ष २०७८/७९ मा धान उत्पादनमा कमी आएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले विगत पाँच वर्षयताकै धान उत्पादनमा कमी आएको जनाएको हो ।

मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालू आवमा धान उत्पादनमा ८.७४ प्रतिशतले कमी आएको हो । चालू आवमा ५१ लाख ३० हजार मेट्रिक टन धान उत्पादन भएको हो । गत आवमा ५६ लाख २१ हजार मेट्रिक टन धान उत्पादन भएको थियो ।

यस्तै आव २०७६/७७ मा ५५ लाख ५० हजार ८७८, आव २०७५/०७६ मा ५६ लाख १० हजार र २०७४/७५ मा ५१ लाख ५१ हजार ९२५ मेट्रिक टन धान उत्पादन भएको थियो । गत वर्षको तुलनामा मन्त्रालयले यसवर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरेता पनि धान थन्काउने बेलामा नै वर्षा र हावाहुरीका कारण धानमा क्षति पुग्दा उत्पादनमा कमी आएको मन्त्रालयका प्रवक्ता प्रकाश सञ्जेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार सुदूरपश्चिमका कैलाली र कञ्चनपुर तथा लुम्बिनी प्रदेशका बर्दिया, बाँके, कपिलवस्तुलगायत विभिन्न जिल्लामा बेमौसमी वर्षाले किसानको धानमा क्षति पुऱ्याउदा समग्र राष्ट्रिय धान उत्पादनमा कमी आएको हो । यसवर्षको बेमौसमी वर्षाले मुलुकभरका एक लाख ११ हजार ६०९ हेक्टरमा लगाइएको चार लाख २४ हजार ११३ टन धानबालीमा क्षति पुऱ्याएको मन्त्रालयले जनाएको छ ।

**कुन प्रदेशमा कति उत्पादन ?**

मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको तुलनामा सुदूरपश्चिम प्रदेशमा धान उत्पादनमा कमी आएको छ । उक्त प्रदेशमा चार लाख ४१ हजार ९१३ मेट्रिक टन धान उत्पादन भएको हो । गत आवको तुलनामा ३१.४९ प्रतिशतले उत्पादनमा कमी आएको छ ।

यस्तैगरी लुम्बनी प्रदेशमा १८.३८ प्रतिशत, प्रदेश नं १ मा ०.९३ प्रतिशत, प्रदेश नं २ मा ५.२४ प्रतिशत, बागमती प्रदेशमा ०.३५ प्रतिशत र कर्णालीमा ८.७६ प्रतिशतले उत्पादनमा कमी आएको छ । प्रदेशगत रुपमा धान उत्पादनको अवस्था हेर्दा गत आवको तुलनामा यसवर्ष गण्डकी प्रदेशबाहेक अन्य प्रदेशमा धान उत्पादन घटेको छ ।

चालू आवमा गण्डकी प्रदेशमा मात्र २.३३ प्रतिशतले धान उत्पादनमा वृद्धि भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । यसवर्ष धान रोप्ने समयमा नै मनसुन सक्रिय हुँदा १४ लाख ७७ हजार ३७८ हेक्टर क्षेत्रफलमा धान रोपिएको थियो ।

# स्थानीय तहको सञ्चित कोषले व्यापार र आयातमा लगानी गर्न नपाइने

काठमाडौँ, १९ पुस (रासस)
नेपाल राष्ट्र बैंकले स्थानीय तहको सञ्चिति कोषको निक्षेपमा कडाइ गरेको छ । बैंकको बैंकिङ विभागले सोमबार एक निर्देशन जारी गर्दै वाणिज्य बैंकहरुले स्थानीय तहको सञ्चिति कोषको निक्षेपबाट आयात र व्यापारिक प्रयोजनमा लगानी गर्न नपाउने व्यवस्था गरेको हो ।

विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले जारी गरेको परिपत्रअनुसार वाणिज्य बैंकले स्थानीय तहको कोषमा रहेको ८० प्रतिशत निक्षेपका रूपमा परिचालन गर्न पाउने र सो रकम व्यापार र आयातमा लगानी गर्न नपाउने व्यवस्था गरेको हो ।

केही दिनअगाडि अर्थमन्त्रालयले स्थानीय तहमा जाने रकमको ८० प्रतिशतसम्म वाणिज्य बैंकहरुले निक्षेपका रूपमा देखाउन पाउने व्यवस्था गरेको थियो । सो व्यवस्थाको कार्यान्वयनका लागि राष्ट्र बैंकले सर्तसहित निर्देशन जारी गरेको हो ।


- जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

iPay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*